# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २२, कार्तिक ७ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०७८

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।७।७

व्यास नगरपालिकाको स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको दफा २ (ङ) “उपशाखा” भन्नाले नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा अन्तर्गत रहेको उद्योग तथा पर्यटन विकास उपशाखा सम्झनुपर्छ **को सट्टा** “शाखा” भन्नाले नगरपालिकाको आर्थिक पूर्वाधार विकास समिति अन्तर्गत रहेको उद्योग तथा पर्यटन विकास शाखा सम्झनुपर्छ भन्ने राखिएको छ ।

२. कार्यविधिको दफा २ (ठ) “शाखा” भन्नाले नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा सम्झनुपर्छ **को सट्टा** “शाखा” भन्नाले नगरपालिकाको उद्योग पर्यटन विकास शाखा सम्झनुपर्छ भन्ने राखिएको छ ।

३. कार्यविधिको दफा ४ (१) स्लेट ढुङ्गा उत्खनन् र उद्योग सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले क्रमशः उत्खनन् कार्यका लागि अनुसूची १ र उद्योग सञ्चालनका लागि अनुसूची २ बमोजिमको ढाँचामा उपशाखामा दरखास्त दिन सक्नेछन् **को सट्टा** स्लेट ढुङ्गा उत्खनन् र उद्योग सञ्चालन गर्न चाहने व्यक्ति, फर्म

वा कम्पनीले क्रमशः उत्खनन् कार्यका लागि अनुसूची १ र उद्योग सञ्चालनका लागि अनुसूची २ बमोजिमको ढाँचामा शाखामा दरखास्त दिन सक्नेछन् भन्ने राखिएको छ ।

४. कार्यविधिको दफा ४ (२) उपशाखामा पर्न आएको दरखास्त उपर योग्यता पुगे नपुगेको अध्ययन एवं छानविन गर्न देहाय  बमोजिम सात सदस्यीय अनुगमन तथा मूल्यांकन समिति गठन हुनेछ **को सट्टा** शाखामा पर्न आएको दरखास्त उपर योग्यता पुगे नपुगेको अध्ययन एवं छानविन गर्न देहाय बमोजिम सात सदस्यीय अनुगमन तथा मूल्यांकन समिति गठन हुनेछ भन्ने राखिएको छ ।

५. कार्यविधिको दफा ४ (२) (च) आर्थिक पूर्वाधार विकास शाखा प्रमुख सदस्य **को सट्टा** राजश्व उपशाखा प्रमुख सदस्य भन्ने राखिएको छ ।

६. कार्यविधिको दफा ४ (२) (छ) उद्योग तथा पर्यटन विकास उपशाखा प्रमुख -सदस्य सचिव **को सट्टा** उद्योग तथा पर्यटन विकास शाखा प्रमुख -सदस्य सचिव भन्ने राखिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय
अधिकृत